सूचना २

पाथीभरा क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५

पाथीभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "पाथीभरा क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **पाथीभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा २ मा संशोधन** : पाथीभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) "पाथीभरा क्षेत्र " भन्नाले देहायका क्षेत्रहरु सम्झनु पर्छ :-

१. पूर्वमा सिरिजङ्गा गाउँपालिका वडा नं ३ को हर्कटे डाँडालाई भित्र पारी फुडलिङ्ग नगरपालिकाको वडा नं ११ फवाखोला सिम्बुसम्मको सम्पूर्ण क्षेत्र,

२. पश्चिममा फक्ताङलुङ्ग गाउँपालिकाको वडा नं ३ लिङखिम र वडा नं ४ तापेथोकको पाथीभरा मन्दिरबाट तीन किलोमिटर क्षेत्रभित्रको सम्पूर्ण क्षेत्र,

३. उत्तरमा फक्ताङलुङ्ग गाउँपालिकाको वडा नं ४ र सिरिजङ्गा गाउँपालिकाको वडा नं ३ र वडा नं ६ को सिमाना क्षेत्र भित्रको सम्पूर्ण क्षेत्र,

४. दक्षिणमा फुडलिङ्ग नगरपालिकाको वडा नं १० को फुरुम्बु गडीडाँडा, वडा नं ९ को देउराली, वडा नं ६ को सुकेटार सानो पाथीभरा उत्तरको सम्पूर्ण क्षेत्र र पाथीभरा याङ्गवरक गाउँपालिकाको वडा नं ३ को दुधिले पश्चिम फुडलिङ्ग नगरपालिकाको सिमानाको सम्पूर्ण क्षेत्र। "

३. <u>मूल आदेशको दफा ३ मा संशोधन</u> : मूल आदेशको दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा १ बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् ।

(क) नेपाल सरकारले तोकेको व्यक्ति -अध्यक्ष

(ख) ताप्लेजुङ्ग जिल्लाबाट संघीय संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरु - सदस्य

(ग) सभापति, जिल्ला समन्वय समिति, ताप्लेजुङ्ग - सदस्य

(घ) नगर प्रमुख, फुङ्लिङ्ग नगरपालिका - सदस्य

(ङ) अध्यक्ष, पाथिभरा याङ्वरक गाउँपालिका - सदस्य

(च) अध्यक्ष, फक्ताङ्लुङ्ग गाउँपालिका - सदस्य

(छ) अध्यक्ष, सिरिजङ्गा गाउँपालिका - सदस्य

(ज) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङ्ग - सदस्य

(झ) प्रमुख, मालपोत कार्यालय, ताप्लेजुङ्ग - सदस्य

(ञ) डिभिजन वन अधिकृत, डिभिजन वन कार्यालय, ताप्लेजुङ्ग - सदस्य

(ट) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,सिंहदरबार -सदस्य

(ठ) पाथिभरा क्षेत्रसँग सम्बन्धित जिल्लाका समाजसेवी, बुद्धिजीवी तथा प्रतिष्ठित व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेका पाँच जना व्यक्तिहरु - सदस्य

(ड) कार्यकारी निर्देशक - सदस्य-सचिव"

४. **मूल आदेशको दफा ४ मा संशोधन** : मूल आदेशको दफा ४ को देहायको खण्ड (ठ) पछि देहायको खण्ड (ड) थपिएको छ :-

"(ड) पाथिभरा देवी मन्दिरमा चढाइएको भेटी, चन्दा मध्ये नगदको हकमा बैङ्कमा खाता खोली जम्मा गर्ने र अन्य जिन्सी तथा उपहारको हकमा सो को विवरण राखे तथा भेटीलाई पारदर्शी रुपमा परिचालन वा व्यवस्थापन गर्ने गराउने ।"

५. **मूल आदेशको दफा ८ मा संशोधन** : मूल आदेशको दफा ८ को उपदफा (१) को खण्ड (ङ) मा रहेका "जिल्ला विकास समिति" भन्ने शब्दहरुको सट्टा "जिल्ला समन्वय समिति" भन्ने शब्दहरु र "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

६. **मूल आदेशको दफा १३ मा संशोधन** : मूल आदेशको दफा १३ मा रहेका "युवा, खेलकुद तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

७. **मूल आदेशको दफा १४ मा संशोधन** : मूल आदेशको दफा १४ मा रहेका "फुडलिङ्ग गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा " फुडलिङ्ग नगरपालिका" भन्ने शब्दहरु राखिएका छन् ।

८. **मूल आदेशको दफा १५ मा संशोधन** : मूल आदेशको दफा १५ मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
मोहनकृष्ण सापकोटा
नेपाल सरकारको सचिव